स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས།

कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल।

पत्र सङ्ख्याः २०८२/८३

सूचना नं.:

**जैविक विविधता प्रदर्शनी मेलामा सहभागी हुन चाहने कृषक समुहको लागि नाम दर्ता गर्ने बारे सूचना।**

(सूचना प्रकाशित मितिः २०८३/०१/३१ गते)

प्रस्तुत विषयमा हेलम्बु गाउँपालिकाको आयोजनामा स्थानीय जैविक विविधताको लगत संकलन गरी त्यसको पहिचान, संरक्षण, विस्तार र प्रर्वद्धनका लागि सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न टेवा पुगोस भन्ने अभिप्रायले मिति २०८३ साल जेठ ८ गते किउल बगरमा आयोजना हुन गइरहेको जैविक विविधता प्रदर्शनी मेलामा सहभागि हुन चाहने इच्छुक कृषक समूहहरुले तपसिलमा उल्लेखित प्रक्रिया पुरा गरी यही जेठ ५ गतेसम्म आयोजकको सचिवालय कृषि विकास शाखामा दर्ता गर्नु गर्नुहुन अनुरोध छ। २०८३ साल जेठ ५ गने सम्म नाम दर्ता गर्न नआएका कृषक समूहरुलाई प्रतियोगितामा सहभागी गराइने छैन। साथै कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पन्न गर्नतर्फ योगदान गर्नुहुन सम्पूर्ण सरोकारवाला महानुभावहरुलाई हार्दिक अनुरोध छ।

**प्रतियोगितात्मक कार्यक्रमहरुः**

१. किसानहरुले आफ्नो कृषक समूह मार्फत जैविक विविधता प्रदर्शनी मेलामा आफ्नो समूह वा गाउँमा उत्पादन गर्ने गरिएको स्थानीय उत्पादनमा आधारित वालीहरु जस्तैः अन्न बाली, फलफुल, तरकारी, नगदेवाली, जडिबुटी, तेलहन, दलहन, कन्दमूल, मसलावाली, सजावट जस्ता वालीहरुको बीउ प्रदर्शनी गर्न सक्ने। गानो प्रजातिको हकमा भने गानो वा त्यसको फल पनि प्रदर्शन गर्न सकिनेछ।

२. मेलामा आफ्नो लोक भाकामा गीत प्रस्तुत गर्न चाहने कृषक समूहहरुले "असल स्वास्थ्यका लागि जैविक उत्पादन" सम्बन्धी सन्देशमूलक गीत हुनु पर्नेछ। गीत बढीमा ५ मिनेट अवधिको हुनुपर्नेछ। मेलामा प्रस्तुत गर्ने गीतको लिखत यही जेठको ५ गतेसम्म आयोजकको सचिवालय कृषि विकास शाखामा दर्ता गर्नु पर्नेछ। समयको पावन्दिको कारण छनोटमा परेका गीतहरुलाई मात्र प्रतियोगिता सहभागि गराइनेछ।

३. प्रतियोगितात्मक कार्यक्रमहरुमा सहभागी भएका कृषक समूहहरुको प्रस्तुतीहरुको मूल्यांकन प्रक्रियाबाट प्रथम, द्धितीय, तृतीय र चतुर्थ हुने कृषक समूहहरुको लागि पुरस्कारको व्यवस्था गरिएको छ।

४. कार्यक्रममा सहभागी हुन नाम दर्ता गरेका कृषक समूहहरु कार्यक्रमको दिन २०८३-०२-०८ गते विहान ७ वजे कार्यक्रम स्थलमा आइपुग्नु पर्नेछ।

विस्तृत जानकारीको लागिः ९८६०१६८१२०, ९८४१०९५६७० मा सम्पर्क गर्नुहुन।

**बेनि बहादुर मोक्तान**
**प्रमुख प्रशासकीय अधिकृत**